# युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड

**नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त (१० जिल्ला) वित्तीय संस्था**
**केन्द्रीय कार्यालय, कोहलपुर न.पा. ११, बाँके**
**फोन नं. ०८१ ५४०२१३, वेभसाइट : www.uniquenepalmicrofinance.com.np**

## सातौं वार्षिक साधारण सभाको सूचना

**(प्रथम पटक प्रकाशित: २०८२/१०/२०)**

**आदरणीय शेयरधनी महानुभावहरु**

यस वित्तीय संस्थाको सञ्चालक समितिको २०८२ साल माघ १८ गते बसेको सञ्चालक समितिको ११०औं बैठकबाट सातौं वार्षिक साधारण सभा तपसिलको मिति र स्थानमा गर्ने निर्णय भएकोले सबै शेयरधनीहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध छ । पत्र र इमेल मार्फत छलफलको विषय पठाई सकिएको छ । यदि समयमै पत्र वा इमेल प्राप्त नभएमा यसै सूचनालाई आधार मानी सहभागी भई दिन हुन निमन्त्रणा छ ।

**कार्यक्रम :**

स्थान :- कोहलपुर न.पा., वडा नं. ४, होटेल सेन्ट्रल प्लाजा, बाँके
मिति :- २०८२ साल फागुन १३ गते बुधबार (२५ फेब्रुवरी, २०२६)
समय :- बिहान ११:०० बजे

**छलफल गर्ने विषयहरु**

**(क) सामान्य प्रस्तावहरु**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ साल असार मसान्तको वित्तीय स्थितिको विवरण (वासलात), सोही अवधिको नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा तत् सम्बन्धी अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) वार्षिक साधारण सभाको निर्णय अनुसार सञ्चालक समितिले सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने एक जना सञ्चालक मनोनयन गरेकोलाई अनुमोदन गर्ने ।

(५) यस वित्तीय संस्थाको नियमावली, २०७५ को नियम २९ को व्यवस्था अनुसार सञ्चालक समितिले स्वतन्त्र सञ्चालकमा मनोनयन गरेकोलाई अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु**

(१) भविष्यमा अन्य कुनै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति/समाहित (Acquisition) सम्बन्धी उपयुक्त प्रस्ताव आएमा सो कार्यका लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्न, सहमतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्न, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिन, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्न र निजको पारिश्रमिक निर्धारण गर्ने लगायतका कार्यसँग सम्बन्धित आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

**सातौं वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी**

१. सातौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२ साल फागुन ६ गते एक दिन वित्तीय संस्थाको शेयरधनी दर्ता किताब बन्द गर्ने निर्णय गरिएको छ । मिति २०८२ साल फागुन ५ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई सि.डि.एस.एण्ड क्लियरिङ्ग लिमिटेडबाट राफसाफ समेत भई प्रचलित नियमानुसार यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा रहेका शेयरधनी दर्ता किताबमा अद्यावधिक भई कायम हुन आएका शेयरधनीहरु मात्र वार्षिक साधारण सभामा भाग लिन पाउनेछन् ।

२. वार्षिक सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो हितग्राही खाता नं. (BOID) को विवरण सहित आफ्नो परिचय खुल्ने प्रमाण (जस्तैः नेपाली नागरिकताको प्रमाणपत्र वा अन्य फोटो भएको कुनै परिचयपत्र) साथमा लिई आउनु हुन अनुरोध छ ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरु सभा हुने स्थलमा सभा शुरु हुनुभन्दा पहिला नै उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु पर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी किताब सो दिन बिहान १० बजेदेखि सभा सञ्चालन रहेसम्म खुल्ला रहनेछ ।

४. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्ति भई आउने व्यक्ति वित्तीय संस्थाको शेयरधनीमध्येबाट नै हुनु पर्नेछ । प्रोक्सी फारम सभा हुनुभन्दा ४८ घण्टा अगावै युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय, कोहलपुर, बाँकेमा दर्ता गराउनु पर्नेछ । यस वित्तीय संस्थाको वेभसाइट www.uniquenepalmicrofinance.com.np बाट प्रोक्सी फारम प्राप्त गर्न सकिनेछ । एकजना शेयरधनीले एकभन्दा बढीलाई प्रोक्सी दिएमा पछि दर्ता हुन आउने प्रोक्सी बदर हुनेछ ।

५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सके पछि सम्बन्धित शेयरधनी आफै सभामा उपस्थित हुन वा प्रतिनिधि फेर बदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि बिहान ९:४५ बजेभित्र युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर, बाँकेमा प्राप्त हुने गरी सो को सूचना पठाउनु पर्नेछ ।

६. लगत किताबमा नावालक वा अशक्त शेयरधनीको संरक्षक भनी नाम उल्लेखित संरक्षकले मात्र सभामा भाग लिन, मतदान गर्न, प्रोक्सी दिन सक्नु हुनेछ ।

७. संगठित संस्था शेयरधनी भएमा त्यस्ता संगठित संस्थाबाट मनोनित व्यक्तिले ल्याउने गरी प्रोक्सी फारममा संस्थाको छाप र आधिकारिक दस्तखत हुनु पर्नेछ ।

८. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।

९. विविध शीर्षक अन्तर्गत गर्नुपर्ने छलफलका बिषयबारे सभा हुने दिनभन्दा सात दिन अगावै कार्यालय समयभित्र अध्यक्षज्यूलाई सम्बोधन गरी वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कोहलपुर, बाँकेमा लिखित जानकारी दिनु पर्नेछ । उक्त लिखित जानकारीलाई औचित्यता हेरि छलफलमा समावेश गर्न सक्ने भए तापनि पारित हुने प्रस्तावको रुपमा छलफल गरिने छैन ।

१०. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन २०६३ वा अन्य प्रचलित कानून, नीति नियम तथा निर्देशन बमोजिम हुनेछ ।

११. वार्षिक प्रतिवेदन सम्बन्धी विवरण र साधारण सभा सम्बन्धी अन्य जानकारीका लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कोहलपुर, बाँकेमा कार्यालय समयभित्र सम्पर्क राख्न वा यस वित्तीय संस्थाको वेबसाइटबाट प्राप्त गरी लिन र हेर्न सकिनेछ ।

१२. शान्ति र सुरक्षाका कारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई व्याग, झोला तथा नावालक लिएर प्रवेश नगरी दिन हुन अनुरोध छ । कसैले ल्याएको भए सभामा खटिएका सुरक्षा कर्मचारीले सुरक्षा जाँच गरेमा आवश्यक सहयोग गरी दिनहुन अनुरोध छ ।

१३. थप जानकारीको लागि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, कोहलपुर, बाँकेमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सञ्चालक समितिको निर्णय अनुसार**
**कम्पनी सचिव**